# Global Money Week (GMW)

## सामान्य जानकारी

विश्व वित्तीय सप्ताह (Global Money Week) किशोर तथा युवाहरुमा वित्तीय शिक्षाको महत्वबारेमा जागरण ल्याउने उद्देश्यले वार्षिक रुपमा मनाइने अभियान हो । यो सप्ताह हरेक वर्ष Organisation of Economic Cooperation and Development ( OECD) को संयोजनमा मनाउने गरिन्छ । बाल तथा युवाहरुमा वित्तीय ज्ञान, सीप र अभिवृत्तिका साथै व्यावहारिक रुपमा सक्षम बनाउँदै अन्ततोगत्वा उनीहरुमा विवेकशील वित्तीय निर्णय लिन अभिप्रेरित गर्ने उद्देश्यमा यो सप्ताह केन्द्रित रहन्छ ।

**सन् २०१२ देखि मनाउन सुरु गरिएको यो सप्ताह १७५ वटा राष्ट्रका ४ करोड बालबालिका तथा युवामाझ पुगिसेकेको छ ।**

**ग्लोवल मनी विकको स्थायी स्लोगान GMW Slogan: 'Learn.Save.Earn.' रहेको छ भने**
ग्लोवल मनी विक, २०२१ को स्लोगान : 'Take care of yourself, take care of your money' रहेको छ । यस स्लोगानले वर्तमान समयमा वित्तीय लचकता र स्वस्थता कायम राख्न अभिप्रेरित गर्दछ ।

**'Learn.Save.Earn.'** is the official slogan of the Global Money Week. Initially used as the theme of GMW2017 and transformed into the Campaign's slogan, we believe it conveys the key messages of the GMW Campaign and supports the goal of the Week by empowering children and youth to not only learn to manage their money wisely, but to help them transfer their knowledge to their families and to entire communities. In addition, the slogan 'Learn.Save.Earn.' helps everyone to create a variety of events and activities around these topics that help children and youth to:

- **Learn to manage money wisely**
  Educating children and young people about their social and economic rights and responsibilities is key to creating a generation of capable adults, who can make wise decisions for their future.

- **Save for their futures**
  It is important for children and youth to build clever savings habits from an early age in order to cultivate key money-managing skills for later in life.

- **Earn for themselves and their families**
  Developing livelihoods skills or receiving entrepreneurial training, supports children and young people in getting a job or building their own business and developing their careers.

यस वित्तीय सप्ताहमा सहभागीको हैसियतले नेपालले पनि यस वर्ष विभिन्न कार्यक्रम गरी मार्च २२ देखि २८ सम्म मनाउँदैछ । यसमार्फत मुलुकमा वित्तीय शिक्षाको प्रवर्द्धन मार्फत वित्तीय साक्षरता एवम् जागरण अभिवृद्धि गरी वित्तीय समावेशिता प्रवर्द्धन मार्फत स्वरोजगार सिर्जना, उत्पादन तथा आय अभिवृद्धि गरी अन्ततोगत्वा आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

सन् २०२१ को GMW मा नेपाल राष्ट्र बैंकले निम्न कार्यक्रम आयोजना गर्ने योजना रहेको:

(१) श्रीमान् गभर्नरज्यूको समुपस्थितिमा **विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम** सम्पन्न गर्ने,

(२) सञ्चार माध्यममा यस सम्बन्धी बहस कार्यक्रम गर्ने,

(३) बैंक तथा वित्तीय संस्था तथा भुक्तानीप्रणाली सञ्चालकलाई कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्ने,

**"उपयुक्त वित्तीय निर्णय नै आर्थिक उन्नतिको आधार"**